# आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रम

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन लगायतका अन्य लोकतन्त्र प्राप्तीको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछु। विभिन्न लोकतान्त्रिक आन्दोलनमा बेपत्ता, घाइते योद्धाहरु र द्वन्द पीडितहरु प्रति उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु। नेपालको संविधान बमोजिम २०७९ बैशाख ३० गते निर्वाचित हामी जनप्रतिनीधिहरुले दोस्रो कार्यकालको जिम्मेवारी ग्रहण गर्दै बाह्रौं नगरसभामा नगर उपप्रमुखको हैसियतले आ. व. २०८०/८१ को वजेट तथा कार्यक्रमलाई सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै खुशी छु। यस ऐतिहासिक गरिमामय समारोहमा उपस्थित नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण सभासदज्यूहरु, कर्मचारीज्यूहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु। वार्षिक वजेट तथा कार्यक्रम श्रवण गर्नुहुने नगरबासी आमा, बुबा, दाजुभाई, दिदीबहिनी, नागरिक समाजका अगुवा, विद्वत वर्ग र उद्यमी व्यवसायी, सुरक्षाकर्मी र पत्रकारहरुलाई राइनास नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।

**सभाध्यक्ष महोदय,**

विश्व अर्थतन्त्रमा लगानी र बजारमुल्यमा आएको उतारचढाव र अस्थिरता, अन्तराष्ट्रिय द्वन्दको कारणले इन्धन मूल्यमा आएको अस्वभाविक वृद्धि र जलवायु परिवर्तनको असर नेपाली अर्थतन्त्रमा समेत परेकोले राइनासको आर्थिक गतिविधिलाई केन्द्रमा राखी आज आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम लिएर यहाँहरु बीच सार्वजनिक गर्न उपस्थित भएको छु। स्थानीयस्तरको विकास र समृद्धिका लागि सबै प्रकारका विभेद, बञ्चितिकरण र असमानताको अन्त्य गरी नगरवासिहरुमा सामाजिक न्याय, समतामूलक र समृद्ध समाज निर्माण गर्न राइनास नगरपालिका प्रतिबद्ध रहेको छ। स्थानीय नागरिकको विकासको चाहना, निर्वाचनमा हामीले गरेका प्रतिवद्धता, विज्ञ तथा सरोकारवालाहरुले दिएको सुझावहरु र नगर प्रमुखज्यूले पेश गर्नु भएको नीति तथा कार्यक्रमलाई आत्मसात गरी संघीय अनुदान, प्रदेश अनुदान र आन्तरिक आय परिचालन गरी योजना तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वियन हुने व्यवस्था मिलाइएको छ।

**सभाध्यक्ष महोदय,**

नेपालको संविधान, प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकारको आ. व. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटका प्राथमिकताहरु, स्थानीय निर्वाचनमा गरिएको प्रतिवद्धता र जनभावना नै नगरपालिकाका विकास र समृद्धिका आधारको रुपमा लिइएको छ। कृषिमा आधुनिकरण, उत्पादनमा आधारीत अनुदान, दिगो र गुणस्तरीय पूर्वाधार, गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानीमा सबैको पहुँच, उत्पादन र स्वरोजगार प्रवर्द्धन मार्फत गरिबी निवारणलाई प्राथमिकतामा राखी बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु। संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यको आधारमा थप स्रोत साधन परिचालन मार्फत नागरिकका तत्कालिन र दीर्घकालिन आवश्यकता पुरा गर्नु पर्ने भएकोले नीति तथा कार्यक्रमले प्राथमिकता निर्धारण गरेकै क्षेत्रमा विनियोजन गरेको छु । यो आर्थिक वर्षमा हाम्रा इच्छा, चाहना र आवश्यकताहरु विभिन्न माध्यम मार्फत प्रस्तुत भएका थिए । तर पनि हाम्रा स्रोतमा भएको सीमाका कारणले सबै सम्बोधन हुन सकेनन्। अतः त्यसलाई प्राथमिकिकरण गर्दै योजना वैंकमा आयोजना समावेश गरी आगामी वजेटले सम्वोधन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछु। यसबाट विकास प्रतिको नागरिकको चाहना र निर्वाचनमा हामीले गरेका प्रतिवद्धताहरु क्रमशः पुरा हुने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय,**

अब म चालु आ. व. २०८०/८१ को क्षेत्रगत बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु।

**आर्थिक क्षेत्र**

कृषि क्षेत्रलाई नगरपालिकाको विकासको प्राथमिक क्षेत्रको रुपमा अगाडि बढाइने नीति तथा कार्यक्रमको संकल्पलाई पूरा गर्न देहाय अनुसारको कार्यक्रम प्रस्ताव गरेको छु।

१. कृषि क्षेत्रलाई नगरपालिकाको विकासको प्राथमिक क्षेत्रको रुपमा अगाडी बढाउन उत्पादनमा आधारित अनुदान, यान्त्रिकरण, सामुहिक खेती प्रणाली, कृषि एवं पशु विमा कार्यक्रम, कृषि उपज संकलन केन्द्र, नश्ल सुधार कार्यक्रम, सुरुङ्गे खेती, पशु उपचार, सहुलियतपूर्ण कर्जा सुविधा सहितको व्यवसायिक पशुपालन तथा कृषिकर्मलाई उद्यमशिलतासँग जोड्न मेयर उद्यमशिलता कार्यक्रम अन्तर्गत करिब २०० जना किसानहरुलाई बैंक तथा वित्तीय संस्थाहरुको साझेदारीमा बिना धितो शुन्य ब्याजदरमा करिब ३ करोडको सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ। यसको लागि रु. ७० लाखको उद्यमशिलता कोष खडा गरिने छ।

२. एक वडा एक प्रमुख खाद्यान्न बाली र पशुपालनलाई अभियानकै रुपमा सञ्चालन गर्न वडा नं. ९ र १० तथा वडा १ देखि ८ को माथिल्लो क्षेत्रलाई मकै, बाख्रापालन, कोदो, मौरी, फलफूल खेतीको पकेट क्षेत्र विस्तार गरिनेछ। त्यसै गरी वडा नं १ देखि ८ को तल्लो क्षेत्रलाई दुध, धानवाली, तरकारी, मसलावाली /तेलहनवाली व्यवसायलाई पकेटको रुपमा संचालन गरिनेछ । तल्लो क्षेत्रमा उच्च सम्भावना रहेको आँप, लिचि, कटहर र केरा खेतीलाई प्रोत्साहन गर्न रु ४० लाख विनियोजन गरेको छु।

३. रैथाने वालीको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुसार कोदो खेती विस्तारको लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु।बाँझो जग्गामा व्यवसायिक कोदो खेतीलाई प्रोत्साहन गर्न हाल नगरपालिकाको उपल्लो क्षेत्रमा उत्पादन हुने कोदोका लागि प्रति के.जी रु ८ उत्पादनमा आधारित नगद अनुदान उपलब्ध गराउन रु. १० लाख विनियोजन गरेको छु। वडा नं. १ देखि ८ सम्मका तल्लो क्षेत्रमा दुध उत्पादनलाई प्रोत्साहन गर्न प्रतिलिटर रु. ३ नगद प्रोत्साहन गर्न रु. १२ लाख विनियोजन गरेको छु। यसबाट गाई भैंसी पालन व्यवसायमा कृषकको उच्च आकर्षण हुने विश्वास लिएको छु।

४. सबै प्रकारका पशुपंक्षीमा संक्रमण हुने आन्तरिक तथा बाह्य परजिवी बिरुद्धको औषधी र आकस्मिक उपचारमा प्रयोग हुने औषधी र सेवा निशुल्क वितरण गरिनेछ। यसका लागि प्रत्येक वडाका मुख्य बस्तीहरुमा घुम्ती पशुसेवा कार्यक्रम संचालन गरिनेछ। लम्पिस्किन लगायतका पशु माहामारी विरुद्ध प्रभावकारी कदम चालिनेछ। पशु उपचारका लागि पशु चिकित्सक लगायत दक्ष प्राविधिक जनशक्तिको व्यवस्था मिलाइने छ। त्यसका लागि रु. २२ लाख विनियोजन गरेको छु।

५. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत बिउ उपयोगमा अनुदानको व्यवस्था मिलाएको छु। नगरक्षेत्र भित्र रैथाने तथा उन्नत बिउ उत्पादन गर्ने समुह सहकारीलाई प्रोत्साहन गरिनेछ। कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तरगत गर्भाधान बिज निशुल्क उपलब्ध गराइनेछ। कृत्रिम गर्भाधान सम्बन्धी सेवा शुल्क पहिलो पटक प्रति पशु रु. ३०० र गर्भाधान सफल नभएमा त्यस पछि प्रत्येक पटक रु. १५० प्राविधिक शुल्क लिने व्यवस्था गरी ए. आई. शुल्क घटाएको छु।

६. राइनासटार वृहत सिंचाई आयोजनाको आकस्मिक मर्मत सम्भारको लागि रु १५ लाख विनियोजन गरेको छु। त्यस्तै गरी पाङग्रे हर्राबोट सिंचाई आयोजनाको आकस्मिक मर्मत सम्भारको लागि रु ५ लाख विनियोजन गरेको छु। यसै गरी पालिका भित्रका साना तथा मझौला सिंचाईहरुको मर्मत सम्भारको लागि रु १० लाख विनियोजन गरेको छु।

७. माटो परीक्षण, बाली उपचार, उत्पादन लागत, बाली पात्रो, कृषक अवलोकन भ्रमण, जग्गा चक्लावन्दी कार्यक्रमको लागि रु. ८ लाख विनियोजन गरेको छु । यसबाट कुन समयमा कुन माटोमा कुन खेती गर्दा कति लागत र आम्दानी हुन्छ भन्ने वैज्ञानिक तथ्याङ्क प्राप्त हुनेछ। यसबाट आगामी दिनमा कृषि योजना कार्यान्वयन गर्न सहज हुनेछ।

८. किवि पकेट क्षेत्र, तेलहन बाली पकेट कार्यक्रम, मसला बाली पकेट कार्यक्रम बिस्तारका लागि रु. ९ लाख विनियोजन गरेको छु।

९. जग्गा भएका तर खेती नगर्ने जग्गा धनीलाई आफैं खेती गर्न, जग्गा भाडामा दिन तथा सामूहिक खेती गर्न प्रोत्साहन गरिनेछ। बाँझो जग्गामा हरियो घाँस खेती गर्ने किसानलाई प्रोत्साहन गर्न प्रदेश सरकारको साझेदारीमा हरियो घाँस खेती प्रवर्द्धन गर्न नगद प्रोत्साहन गरिनेछ।

१०. कृषि व्यवसायमा प्रतिस्पर्धा भित्र्याउन, युवाहरुलाई कृषि कार्यमा प्रोत्साहन गर्न विभिन्न पाँच विधामा उत्कृष्ट हुने कृषकलाई नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कारको लागि रु १ लाख ५० हजार विनियोजन गरेको छु।

११. नगरपालिकाको वडा नं ६ स्याउलीमा रहेको औद्योगिक ग्राममा पूर्वाधार निर्माण गरी उद्योग संचालनलाई प्रोत्साहन गरिनेछ। आ.ब. २०८०/८१ मा औद्योगिक ग्राम भित्र व्यवस्थित माछामासु प्रशोधन केन्द्र संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु। नगरक्षेत्र भित्र उत्पादन हुने कृषि तथा गैर कृषि उपजहरुको राइनासको पहिचान सहितको ब्राण्डिङ्ग, प्याकेजिङ्ग र लेवलिङ्ग गरी आन्तरिक उत्पादनको प्रवर्द्धन गर्नका लागि रु १३ लाख विनियोजन गरेको छु।

१२. वन पैदावरमा आधारित उद्योगलाई प्रवर्द्धन गर्न समूह सहकारीलाई दुना टपरी तालिम, काष्ठकला, हस्तकला तालिम र मेशीन खरीदमा अनुदान उपलब्ध गराइनेछ। त्यसैगरी वडा नं. ९ र १० मा अधिक उत्पादन हुने सिस्नोको पाउडर उत्पादन, प्रशोधन र बजारीकरण गरिनेछ। त्यसका लागि रु. १२ लाख विनियोजन गरेको छु।

१३. वन क्षेत्रलाई उत्पादनसँग जोड्न हरियाली प्रवर्द्धन, काष्ठकला उद्योग प्रवर्द्धन, हैसियत बिग्रेका वनलाई आय आर्जनसँग जोड्न वन उपभोक्ता समितिहरुसँग सहकार्य गरिने व्यवस्था मिलाइएको छ।

१४. सहकारी संस्थाको जवाफदेहिता र क्रियाशिलता प्रवर्द्धन गर्न सहकारी तथा गरिबि व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) लगायतका क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ। कृषि तथा पशुका सबै कार्यक्रमहरु समूह सहकारी मार्फत हुने व्यवस्था मिलाइएको छ । एक सहकारी एक उत्पादनको अवधारणा कार्यान्वयनमा ल्याइनेछ। यसबाट सहकारी क्षेत्रको गतिशिलता र सक्रियता बढ्दै रोजगारी सृजना हुने विश्वास लिएको छु ।

१५. गुणस्तरीय वस्तु सुपथ मूल्यमा नियमित रुपमा प्राप्त गर्ने नागरिकको अधिकारलाई सम्मान गर्न बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ। त्यसका लागि उपभोक्ता हित मञ्च गठन र जागरण अभियान सन्चालन हुने व्यवस्था मिलाएको छु।

१६. नगरको प्राथमिकताको क्षेत्र कृषि तथा पशुपालन क्षेत्रको उत्पादन लागत घटाउन, उत्पादकत्व बढाई बजार सुनिश्चित गरी कृषि पेशालाई सम्मानित एवं व्यवसायिक पेशाको रुपमा विकास गर्न उत्पादनमा आधारित प्रोत्साहन, यान्त्रिकरण, उत्पादनलाई बजारीकरण गर्न ढुवानी अनुदान, सामुहिक खेती प्रणाली, कृषि एवं पशु विमा कार्यक्रम, कृषि उपज संकलन केन्द्र, रैथाने वाली संरक्षण कार्यक्रम, नश्ल सुधार कार्यक्रम, एक वडा एक कृषि प्राविधिक, एक गाऊँ एक उत्पादनको अवधारणा कार्यान्वयनका लागि रु. २ करोड १० लाख बजेट विनियोजन गरेकोछु।

**पर्यटन क्षेत्र**

१७. नगर क्षेत्रभित्रको भौगोलिक विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई आन्तरिक तथा बाह्य पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आय आर्जन र समृद्धिको आधारको रुपमा स्थापित गरिनेछ।त्यसका लागि पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण, प्रवर्द्धन गर्न नगर पर्यटन गुरुयोजना तर्जुमा, पर्यटकिय क्षेत्रको नक्शाङ्कन, नविन पर्यटकीय उपजहरुको विकास, पर्यटन पूर्वाधारहरु निर्माण, प्रचार प्रसार गरी एकिकृत पर्यटनको अवधारणा प्रदेश सरकारको साझेदारीमा कार्यान्वयनमा ल्याइनेछ।

१८. नगरबिकास कोष, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको आर्थिक तथा प्राविधिक साझेदारीमा समिश्रित बित्तीय उपकरण उपयोग गरी चेपे कोरीडोरमा वृहत जलासय निर्माण सुरुवात गरिनेछ। राइनासकोट एकीकृत पर्यटकीय पूर्वाधार कार्यक्रम अन्तर्गत साइकल ट्रेल, पद मार्ग स्तरोन्नती, प्यारागलाइडिङ्ग उडान, अवतरण कक्ष, स्काई ग्लास ब्रिज, यात्रु कक्ष, बुद्धपार्क, लालीगुँरास पार्क, अतिथि घर, कोसेली घर निर्माण प्रक्रिया सुरुवात गरी राइनासकोट चेपे एकिकृत पर्यटन प्याकेजको ब्राण्डिङ गरिनेछ।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई देवीथान बोहोरागाउँ राइनासकोट पदमार्ग निर्माण कार्यमा परिचालन गरिने छ। त्यसका लागि रु. ४७ लाख विनियोजन गरेको छु। यसबाट बोहोरा गाउँदेखि राइनासकोटसम्म स्तरीय पदमार्ग निर्माण हुने विश्वास लिएको छु।

२०. चेपेघाट, चक्रतीर्थधाम, धर्मनाथ धाम, भक्ति पार्क, जोगी गुफा, सिद्धबाबा क्षेत्र, गोरखनाथ र राइनासकोट क्षेत्रलाई विशेष संरक्षित क्षेत्र घोषणा गरी राइनास हेरीटेजको रुपमा विकास गरिनेछ। पिण्डेश्वर धाम, चमेरे गुफा, साल्मेकोट, झाक्रिथान, शिव ढुन्डुर, चेपे राइनासकोट पदमार्ग, कुसुन्डे पार्क, नयाँपौवा, मेजारगाउँ पार्क, पन्थेडाडाँ कालिका मन्दिर, रुद्रादेवी मन्दिर, धार्मिक गुम्बाहरु, टिमुरे बालउद्यान लगायतका पर्यटकीय क्षेत्रहरुको स्तरोन्नती गरी पर्यटन प्रवर्द्धन गरिनेछ। मुस्लिम समुदायको मदरसा, मस्जिद र कवरस्थानको निर्माण एवं संरक्षण गरिनेछ। विभिन्न जात जातिहरुको विशिष्ट मौलिक जात्रा, पर्व, मेला, भेष भुषा, भाषा साहित्य आदि लगायतको संरक्षण प्रवर्द्धन मार्फत सांस्कृतिक तथा खेलकुद पर्यटन विकासको लागि एक वडा एक खेलकुद तथा सांस्कृतिक कार्यक्रम संचालन गरिनेछ।

२१. आदिवासी र अल्पसंख्यक जातिको रुपमा चिनिने कुमाल जातिको संस्कृति र रीतिरीवाज सहितको कुमाल होम स्टेको प्रवर्द्धन गर्न साझेदारीमा आवश्यक व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

अब म सामाजिक क्षेत्रसँग सम्बन्धि बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**सामाजिक क्षेत्र**

२२. **हाम्रो विद्यालय हाम्रो जिम्मेवारी** भन्ने भावना जागृत गरी स्वच्छ, शान्त, वातावरणमैत्री प्रविधियुक्त गुणस्तरीय शैक्षिक वातावरणको लागि रु. २३ करोड २ लाख विनियोजन गरेको छु। यसबाट विद्यालय हरीयाली कार्यक्रम, सूचना प्रविधीको व्यवस्था, वाल कक्षा कार्यक्रम र अतिरिक्त शैक्षिक क्रियाकलाप नियमित रुपमा सञ्चालन हुनेछ। उक्त रकममा विद्यालयका शिक्षक, कर्मचारी, सहयोगी समेतको पारिश्रमिक रकम समावेश गरिएको छ।

२३. **'एक वडा अधिकतम एक माध्यमिक विद्यालय'** अवधारणा कार्यान्वयन गर्न माध्यमिक विद्यालयलाई गाभ्ने र गाभिने प्रक्रियालाई प्रोत्साहन गर्न शैक्षिक सरोकार राख्ने, पेशागत संघ संगठन, विद्यालय व्यस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक र विज्ञसँगको बहस छलफललाई सघन बनाइनेछ। शिक्षक सरुवा, काज, विद्यालय मर्ज, कक्षकोठा व्यवस्थान, डिजिटल लाइबेरी, विद्यालय भवन, शिक्षक एवं विद्यालय कर्मचारीलाई तालिम, बालबिकास सहजकर्ता तालिम, अभिभावक शिक्षा र छात्रावास निर्माण र एकिकृत विद्युतिय लेखा प्रणाली कार्यान्वयन मार्फत शैक्षिक गुणस्तर सुदृढ गरिनेछ। ठूला र आवसीय विद्यालयको अवधारणा कार्यान्वयनमा बहस पैरवी गरिनेछ। नगरपालिकाको शैक्षिक सूचक पुरा गर्न उच्च शिक्षा अध्ययनको लागि कलेज संचालनको वातावरण मिलाइने छ।

२४. हाल सरकारले सामुदायिक विद्यालयमा संचालन गरिरहेको दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यार्थी संख्याको आधारमा दिवा खाजा कार्यक्रम व्यवस्थापन गर्न एकमुष्ट अनुदान दिने व्यवस्था मिलाइनेछ। त्यस्तै विपन्नताका कारण विद्यालय बाहिर रहनुपर्ने विद्यालय उमेर समूहका अति विपन्न १०० बालबालिकालाई लत्ता कपडा तथा स्टेशनरीका सामान निशुल्क उपलब्ध गराउन रु. ४ लाख विनियोजन गरेको छु। यसबाट विद्यालय छोड्नेदरमा न्यूनीकरण हुने तथा विपन्न विद्यार्थीहरुको विद्यालय प्रतिको आकर्षण अभिवृद्धि हुने विश्वास लिइएको छ।

२५. प्राविधिक धार अन्तरगतका बाली बिज्ञान संकायतर्फबाट उत्पादित जनशक्तिलाई सिक्दै कमाउँदै कार्यक्रम अन्तरगत नगरपालिकाका कृषि तथा पशुपालन र इन्जिनियरीङ सेवा प्रवाहमा आवद्ध गर्न रु. २ लाख विनियोजन गरेको छु।

२६. स्थानीय पाठ्यक्रम प्रवोधिकरण, शैक्षिक मेला तथा प्रतिभा पहिचान कार्यक्रम, जुडो कराते प्रशिक्षण कार्यक्रम, संगित तथा नृत्य प्रशिक्षण कार्यक्रम, गणित प्रयोगशाला निर्माण गर्न रु. १४ लाख विनियोजन गरेको छु। यसबाट विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन तथा सिकाइमा स्तरमा वृद्धि हुने विश्वास लिएको छु।

२७. सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका बालबालिकाहरुको खाता खोली नगरपालिका र अभिभावकले क्रमश बार्षिक रु. ६०० जम्मा गरी बाल बचतलाई प्रोत्साहन गरिनेछ। उक्त बाल बचत रकमलाई विद्यार्थीको उच्च शिक्षाको अध्ययनसँग आबद्ध गरिनेछ। त्यसका लागि रु. ७ लाख ८० हजार रकम विनियोजन गरेको छु। यसबाट विद्यालय छोड्ने दरमा कमी आइ सामुदायिक विद्यालयप्रति नागरिकको आकर्षण बढ्ने विश्वास लिएको छु।

२८. किशोरी अवस्थाका युवतीहरुलाई विद्यालय जान प्रोत्साहन गर्न तथा रजस्वलाको समयमा समेत विद्यालयमा नियमित पठनपाठनमा संलग्न गरी शैक्षिक गुणस्तर सुधार गर्न रु. ११ लाख ३० हजार विनियोजन गरेको छु।

२९. नगर क्षेत्रभित्रका छोराछोरीलाई सीपमुलक उच्च शिक्षा उपलब्ध गराउन स्थापना गरिएको राइनास बहु प्राविधिक शिक्षालयको अभ्यास कार्यको लागि आवश्यक जग्गा तथा पूर्वाधार निर्माण कार्यको लागि रु. १० लाख विनियोजन गरेको छु। उक्त संस्थाको साझेदारीमा नगर क्षेत्रभित्र उद्यमशिलता विकासको लागि हाउस वायरीङ, प्लम्बिङ, मिनि टिलर मर्मत, राडी पाखी बनाई र काष्ठकलाका सामग्री उत्पादन सम्बन्धी सीपमूलक तालिम सन्चालनको लागि रु. ५ लाख विनियोजन गरेको छु।

३०. खेल र खेलाडीमा लगानी अभिवृद्धी गरी खेलको माध्यमबाट स्वच्छ प्रतिस्पर्धाको भावना, भातृत्व र नगरपालिकाको प्रतिष्ठा अभिवृद्धि गर्न वडास्तरीय र नगरस्तरीय खेलकुद विकास समिति बनाइनेछ। खेल र खेलाडीहरुको एकिकृत अभिलेख राख्ने, विभिन्न खेलको आयोजना गर्ने, खेलाडीहरुको स्तर निर्धारण गर्न र वडास्तरीय र नगरस्तरीय विभिन्न

विधाका खेलाडीहरुको टिम निर्माण गर्न रु. २५ लाख विनियोजन गरेको छु। तेस्रो राइनास कप खुला फुटबल प्रतियोगिता आयोजना गरिनेछ।

३१. राइनास नगरपालिकाको शासन, सेवा र विकासमा स्थानीय युवाहरुलाई परिचालन गर्न युवा क्लव गठन तथा नमूना संसद अभ्यास कार्यक्रम, युवाका मुद्दामा बहस पैरवी कार्यक्रम र युवा स्वयंसेवक विकास एवम् परिचालनको लागि रु. १० लाख विनियोजन गरेको छु।

३२. सुनौला हजार दिनका आमा एवं बच्चाको स्वास्थ्यमा सुधार गर्न सन्तुलित पोषण सुनिश्चितता, संस्थागत प्रसुति सेवा विस्तारका लागि नगर प्रमुख गर्भवती सुत्केरी नगद प्रोत्साहनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। वर्थिङ सेन्टर स्तरोन्नती गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३३. तार्कुघाट स्वास्थ्य चौकी र धमिलिकुवा स्वास्थ्य चौकीमा रहेको प्रयोगशालालाई स्तरोन्नती गरिनेछ। त्यसका लागि आवश्यक पर्ने रियाजेन्ट र यन्त्र उपकरण खरिदको व्यवस्था मिलाएको छु।

३४. स्वस्थ वच्चा प्रतिस्पर्धा कार्यक्रम, एच. आइ. भि. प्रभावितलाई यातायात तथा पोषण खर्च र ज्येष्ठ नागरिक घरदैलो कार्यक्रमलाई निरन्तरता दिएको छु।

३५. भौगोलिक अवस्थिति, स्वास्थ्य सेवामा नागरिकको पहुँच र स्वास्थ्यकर्मीको उपलब्धता समेतको अध्ययन गरी प्राथमिकताका आधारमा शहरी स्वास्थ्य केन्द्रको स्थापना गरिनेछ। ढाँडखर्क आधारभूत स्वास्थ्य केन्द्रको सेवालाई निरन्तरता दिएको छु। भौगोलिक रुपमा विकट वडाका मुख्य वस्तीहरुमा आधारभुत स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चितताका लागि जेष्ठ नागरिक घुम्ती सेवा सञ्चालनमा ल्याइनेछ।

३६. नागरिकहरुमा आयुर्वेद सेवाको पहुँच पुर्‍याउन जीवनशैली व्यवस्थापन, आहार विहार व्यवस्थापन, योग, ध्यान र आयुर्वेद सम्बन्धी स्वास्थ्य शिविर र सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। त्यसका लागि रु. १८ लाख ३० हजार विनियोजन गरेको छु।

३७. नगर क्षेत्र भित्रका विभिन्न जातजाती, भाषाभाषिको कला, साहित्य, खेलकुद र संस्कृतिको संरक्षणको लागि एक वडा एक खेलकुद तथा सांस्कृतिक पहिचान कार्यक्रमको लागि रु. २४ लाख ५० हजार विनियोजन गरिएको छ। नगर भित्रका सबै जातजाति तथा समुदायको धर्म संस्कृति अनुसारको चाडपर्व आफै संरक्षण र प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ।

**सामाजिक सुरक्षा तथा संरक्षण**

नगरवासीहरुको जनधनको सुरक्षाको प्रत्याभुत गर्न जिवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणका देहाय अनुसारका कार्यक्रम र बजेट प्रस्ताव गरेको छु।

३८. नगर क्षेत्र भित्रका दीर्घ रोगबाट प्रभावित आर्थिक अवस्था कमजोर भई उपचार गर्न कठिन भएका, प्राकृतिक एवं मानविय कारणबाट सिर्जित प्रकोपमा परी अङ्गभङ्ग भएका नागरिकको उपचारका लागि संघ तथा प्रदेश सरकारबाट सञ्चालित अस्पतालमा निशुल्क उपचारको व्यवस्था मिलाइने छ। कडा रोग लागि उपचारमा कठिन भएका र प्राकृतिक एवं मानवजन्य प्रकोपमा परी घरवार विहिन भएका, अपाङ्गता भएका विपन्न नागरिकको शीघ्र उपचार, राहत, उद्धारका लागि आर्थिक सहायता उपलब्ध गराउन रु. १० लाख विनियोजन गरेको छु। दम, प्रेसर, सुगर लगायतका दिर्घरोगहरु र अन्य रोगहरुको लागि आवश्यक पर्ने ९८ प्रकारका निशुल्क औषधिहरु दशवटै स्वास्थ्य संस्थाबाट उपलब्ध गराइनेछ। त्यसका लागि रु. ३२ लाख २७ हजार विनियोजन गरेको छु।

३९. राइनास नगरपालिकालाई वालवालिकाको हक हित प्रवर्द्धन, प्रतिभा प्रोत्साहन, बालमैत्री पारिवारीक एवं शैक्षिक वातावरण प्रवर्द्धन गर्दै वालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि रु. १० लाख विनियोजन गरेको छु।

४०. नगरपालिका भित्रका फरक क्षमता भएका व्यक्तिहरुको क्षमता पहिचान गरी तालिम एवं सीप विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु। फरक क्षमता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि मार्फत रोजगारी प्रत्याभूत हुने विश्वास लिएको छु।

४१. महिलाहरुको लागि छोटो अवधिको हलुका सवारी साधन चलाउने तालिम, नेतृत्व विकासको लागि उद्घोषण सम्बन्धी तालिम, उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई लोक सेवा परीक्षा तयारी तालिमका लागि रु. ६ लाख विनियोजन गरेको छु।

४२. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, समाजमा विद्यमान विसंगति, छुवाछुत तथा विभेदका विरुद्ध सामुदायिक विद्यालयका विद्यार्थीहरुको सहभागितामा सडक नाटक कार्यक्रम सञ्चालन गरिने छ। त्यस्तै ज्येष्ठ नागरिकमा रहेको ज्ञान सिप अन्तर पुस्तामा हस्तान्तरण गर्न र बुढ्यौली व्यवस्थापन गर्नको लागि अभिमुखिकरण कार्यक्रम सन्चालन गरिने छ। एकल महिलाको आर्थिक सशक्तिकरण तथा महिला सहकारी समूहलाई मागमा आधारित कार्यक्रम सन्चालन गर्न रु. ५ लाख विनियोजन गरेको छु।

४३. जेष्ठ नागरिकहरुको क्षमता, सीप र अनुभवलाई नगरपालिकाको विकासमा प्रयोग गर्न जेष्ठ नागरिक मिलन केन्द्र, तनाव व्यवस्थापन र जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गर्न रु. ३ लाख विनियोजन गरेको छु।

४४. लोकतान्त्रिक जनआन्दोलन लगायत विभिन्न आन्दोलनका क्रममा सहिद भएका तथा वेपत्ता योद्धा परिवारका सदस्य र घाइते एवं अपाङ्ग व्यक्तिहरुलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। त्यसका लागि रु. ४ लाख विनियोजन गरेको छु।

४५. दलित, अल्पसंख्यक र पछाडी परेका जाती तथा समुदाय तथा समुदायको अभिमुखिकरण र क्षमता अभिवृद्धि गरी उत्पादन जोड्न प्रोत्साहित गर्ने व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

अब म पूर्वाधार क्षेत्रसँग सम्बन्धी बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**पूर्वाधार क्षेत्र**

४६. नगरपालिकाको मेरुदण्डको रुपमा रहेको चक्रपथको टिमुरे-वोराङखोला-भँगारी-प्यारजुङ-राइनासकोट-मोहोरीयाकोट-वगुवा सडक संघीय सरकार र प्रदेश सरकारसँग साझेदारीमा कालोपत्रे गरिनेछ। बगरगाउँ-टुडाबगर-उपल्लो फाँट पाडेबेसी जुडीखेत सडकलाई वृहत राइनास चक्रपथ खण्ड मानी उक्त आयोजनामा विनियोजन भएको रकम चक्रपथ खण्डमा प्रयोग गरिनेछ छ। यसै विनियोजित रकमबाट कालिरह जिम्मल चौतारा सडक र टिमुरे बोराङ्गखोला सडकको बाँकी खण्ड कालोपत्रे गरिनेछ। सर्वोदय सेवा आश्रम हर्रबोट राइनासकोट प्यारजुङ सडक एकिकृत शहरी पूर्वाधार कार्यक्रमको विनियोजित रकमबाट कालो पत्रे शुरुवात गरिने छ। त्यसै गरी बोराङ्गखोला प्यारजुङ्ग सडक स्तरोन्नती गरिनेछ। यि सम्पूर्ण आयोजना सम्पन्न गर्नका लागि करिव ७ करोड ठेक्का बन्दोवस्ती हुने व्यवस्था मिलाएको छु।

४७. गुणस्तरीय पिउनेपानीमा सबैको पहुँच पुऱ्याउन एक घर एक धाराको अवधारणा पुरा गरिनेछ त्यसको लागि रु १० लाख विनियोजन गरेको छु। राइनास वृहत खानेपानी योजना निर्माण कार्यलाई प्रारम्भ गरिनेछ।

४८. नेपाल विद्युत प्राधिकरणको साझेदारीमा वडा नं १ देखि ८ सम्मका मुख्य वस्तीहरुको उज्यालो पालिका कार्यक्रम संचालन गरिनेछ। विद्युत सुविधा नपुगेका घरहरुमा विद्युत विस्तार गर्ने, काठे पोलहरुको विस्थापन गर्ने, ट्रान्सफर्मर आवश्यकता अनुसार थप गरी सारभूतरुपमा विद्युतीकरण कार्यक्रम सम्पन्न गरिनेछ। यसका लागि रु २० लाख विनियोजन गरेको छु।

४९. नगरपालिका भित्रका वडा कार्यालय जोड्ने मुख्य सडक संरचनाहरु स्तरोन्नती गरी बाह्रै महिना सडक सुविधा पुऱ्याउन प्रयाप्त बजेट व्यवस्था गरेको छु। नयाँ सडक ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ। ५ वर्ष सम्म एकै प्रकारका वडा गौरवको आयोजनामा निरन्तर वजेट विनियोजन गरि देखिने प्रकृतिको पूर्वाधारमा लगानी गरिनेछ। त्यसका लागि रु १ करोड १२ लाख विनियोजन गरेको छु।

५०. नगरस्तरीय अस्पतालको रुपमा निर्माणाधिन चक्रतिर्थ अस्पतालको निर्माण सम्पन्न गरी आवश्यक पूर्वाधार सहित नगरको गौरबको रुपमा रहेको नगर अस्पताल दक्ष चिकित्सक, स्वास्थ्यकर्मी र मेडिकल उपकरणको व्यवस्था गरी संचालनमा ल्याउन २० लाख विनियोजन गरेको छु। धमिलिकुवा स्वास्थ्य चौकीलाई १५ शैया अस्पतालको रुपमा स्तरोन्नती गर्न रु. १ करोड ५० लाख विनियोजन गरी चालु आ.ब.मा पहिलो चरणको कार्य सम्पन्न गरिनेछ। भंगारी आधारभुत स्वास्थ्य केन्दको भवन निर्माण शुरुवात गरिने छ।

५१. राइनास नगरपालिकाको केन्द्रमा रहेको शिशु विद्याश्रम माध्यमिक विद्यालयको छात्राबास भवन निर्माण कार्य सम्पन्न गरिनेछ। त्यसको लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु। यसै गरी राइनास नगरपालिकाको बाल कक्षा व्यवस्थापन, यातायात व्यवस्थापन र सौभाग्योदय नमूना माध्यमिक विद्यालयको छात्राबास निर्माण कार्यको लागि रु ५० लाख विनियोजन गरेको छु।

५२. टोल सुधार समिति, आमा समूह, युवा क्लब, विद्यालय भवन, वडा कार्यालयको भवन, स्वास्थ्य संस्थाको भवन र प्रशासनिक भवन निर्माण लगायतका सरकारी एवं गैर सरकारी संघ संस्थाको निर्माणाधीन भवन निर्माण सम्पन्न गर्न रु. १ करोड ५० लाख विनियोजन गरेको छु।

५३. वडा नं. १ र ६ को भवन निर्माण कार्य यसै वर्ष सुरुवात गरिनेछ। त्यसको लागि रु. ५० लाख विनियोजन गरेको छु।

५४. राइनास नगरपालिकाको वडा नम्बर ६ को स्याउलीमा रहेको शीत भण्डार र कृषि उपज संकलन केन्द्र निर्माण कार्यको लागि रु. ४० लाख ३९ हजार बजेट विनियोजन गरेको छु। स्थानीय समुदाय र सहकारीसँगको साझेदारीमा कृषि उपज संकलन केन्द्रको निर्माण एवं सञ्चालन कार्य शुरुवात गरिनेछ।

५५. उपभोक्ता समितिबाट हुने कामलाई गुणस्तरीय, प्रतिस्पर्धी र दिगो बनाउन तथा समुदायको सार्वजनिक कार्यमा सक्रियता र चासो अभिवृद्धि गर्न उत्कृष्ट कार्यसम्पादन गर्ने एक उपभोक्ता समितिलाई नगद रु. २० हजार सहित सम्मान गर्ने व्यवस्था मिलाइएको छ।

**सभाध्यक्ष महोदय,**

अब म वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रसँग सम्बन्धि बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

५६. विकास र वातावरण विच सन्तुलन मिलाउन वातावरणमैत्री संरचना निर्माण र उपयोगको लागि कानूनी तथा संस्थागत आधार तयार गरिनेछ। वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी क्रियाकलाप सञ्चालनको लागि ५५ लाख विनियोजन गरेको छु। उत्पादन र आय आर्जन अभिवृद्धि हुने गरी जलवायु अनुकुल रुख विरुवा रोपण गर्न प्रोत्साहन गरिनेछ। त्यसका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु।

५७. सरकारी, सार्वजनिक जग्गाहरुको एकिकृत अभिलेख तयार गरिनेछ। सार्वजनिक जग्गाहरुको संरक्षणको अभियान सुरुवात गरिनेछ। भू उपयोग नीति तयार गरिने छ जसका लागि रु. २० लाख विनियोजन गरेको छु।

५८. नगरबाट उत्सर्जन भएका फोहोरमैलाहरुको व्यवस्थापनको लागि फोहोरमैलाको वर्गिकरण, पुन प्रयोगको लागि नागरिक, समुदाय र नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। पुन प्रयोगमा नआउने फोहोरमैलाहरुको व्यवस्थापनको लागि वडा नं ४ को बुढीखोलामा निर्माणको चरणमा रहेको सरसफाइ तथा मनोरञ्जन पार्क निर्माण सम्पन्न गरी संचालनमा ल्याइनेछ। त्यसका लागि रु. २५ लाख विनियोजन गरेको छु।

५९. विपद प्रभावित क्षेत्रका नागरिकहरुको शिघ्र उद्धार, राहत, पुनस्थापना र पुन निर्माणको लागि विपद व्यवस्थापन कोषको व्यवस्था गरिएको छ। कोषको रकम कार्यविधि बमोजिम विपद पिडित नागरिकहरुको धनजनको सुरक्षाको लागि खर्च हुने व्यवस्था गरिने छ। यसको लागि रु. ३५ लाख रकम विनियोजन गरेको छु। यो कोषमा रकम परिचालनका लागि अन्य सहयोगी हातहरुसँग समन्वय गर्ने वातावरणको लागि ठोस पहल गरिनेछ।

**सभाध्यक्ष महोदय,**

अब म कानून तर्जुमा र कार्यन्वयनसँग सम्बन्धी बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**कानून तर्जुमा र कार्यान्वयन**

६०. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहको एकल अधिकार र तीनै तहका साझा अधिकारको सूचीमा रहेका कार्यक्षेत्रको नियमन, सहजीकरण र प्रवर्द्धनको लागि आवश्यक कानून निर्माण गरिनेछ । नीति तथा कार्यक्रम, बजेटले लिएका उद्देश्यहरु कार्यान्वयन गर्न आवश्यक पर्ने क्षेत्रगत कानूनहरु तयार गरिनेछ भने

विद्यमान कानुनमा संशोधन र परीमार्जन गरिनेछ। त्यसको लागि विधेयक समितिको वैठक व्यवस्थापन, विज्ञसँगको परामर्श र कानून छपाइ एवं प्रकाशनका लागि रु. १० लाख विनियोजन गरेको छु।

६१. न्यायिक समितिको वैठकलाई नियमित, व्यवस्थित र विधिसम्मत बनाई शिघ्र न्यायिक निरुपण गर्न वैठक व्यवस्थापन, मेलमिलाप कर्ता अभिमुखिकरण, मेलमिलाप केन्द्र सञ्चालन, वृत्त चित्र निर्माण, कानूनी परामर्श सेवा खरीदको लागि रु. १२ लाख विनियोजन गरेको छु। नगरबासीहरुलाई निशुल्क कानुनी परामर्श सेवा दिने व्यवस्था मिलाइएको छ।

**सभाध्यक्ष महोदय,**

अब म सार्वजनिक सेवा तथा क्षमता विकाससँग सम्बन्धि बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**सार्वजनिक सेवा तथा क्षमता विकास**

६२. नगरपालिकाको शासन, सेवा र विकासलाई दिगो, गुणस्तरीय र क्षेत्रगत सन्तुलन मिलाउनको लागि नगरपालिकामा स्थायी जन्म भएका विभिन्न संघ, संस्था, पेशा, व्यवसाय र विज्ञता भएका नगरवासीहरु र अन्य शुभेच्छुक विद्वत व्यक्तिहरुको राय, सल्लाह, सुझाव निरन्तर लिई समग्र नगर विकासको निजहरुमा रहेको ज्ञान, सिप र विज्ञताको उपयोग गरिनेछ।

६३. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरीतो, पारदर्शी, जवाफदेही, नागरिकमैत्री बनाउन डिजिटल नागरिक वडापत्र, अपाङ्ग नागरिक सहायता कक्ष, स्तनपान कक्ष, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण लगायतका व्यवस्थापकीय औजारहरु प्रयोग गरिनेछ। सेवा प्रवाहका सबै प्रकारका गतिविधिलाई नियमन गर्न सबै वडा कार्यालय, प्रशासकीय कार्यालय र नगरका मुख्य बस्तीहरुमा सि.सि.टि.भि. जडान गर्न ३५ लाख विनियोजन गरेको छु।

६४. उच्च कार्यसम्पादन भएका जनमैत्री सेवा प्रवाह गर्न क्रियाशिल कर्मचारीलाई पुरस्कृत गरिनेछ भने शैक्षिक गुणस्तर उत्कृष्ट बनाउन खटिएका अब्बल वालविकास, प्रा.वि. र मा.वि. तहका शिक्षक एवं कर्मचारीलाई पुरस्कृत गरिनेछ।त्यसका लागि रु. ३ लाख विनियोजन गरेको छु।

६५. नगर विकासको आधारको रुपमा रहेको आवधिक योजना आगामी आ.व को प्रथम चौमासिक भित्र निर्माण सम्पन्न गरिनेछ। आवाधिक योजना, मध्यकालिल खर्च संरचना, लैङ्गिक उत्तरदायी बजेट र राजश्व सुधार योजना तयार गर्न रु. २५ लाख विनियोजन गरेको छु। वडा कार्यालय, विषयगत समिति र बुद्धिजिवि एवं विषय विज्ञबाट पेश भई आएका योजनाहरुको आयोजना बैंक (Project Bank) तयार गर्ने व्यवस्था मिलाइएको छ।

६६. नगरका निर्वाचित जनप्रतिनिधी र कर्मचारीलाई नागरिक प्रति उत्तरदायी बनाउन सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण र संचार जगतसँग आवधिक अन्तरक्रिया कार्यक्रम संचालन हुने व्यवस्था मिलाइएको छ।

६७. नगरपालिकाको आन्तरिक आय, संघीय सरकारले पारिश्रमिकमा गरेको बढोत्तरीका कारण उच्च मनोवलका साथ कार्यसम्पादन गर्न स्वीकृत दरवन्दी भित्र सेवा करारमा रहेका कर्मचारीहरुको विद्यमान तलबमानमा समायोजन गरिनेछ। कर्मचारी एवं जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि तालिमका लागि रु. ७ लाख विनियोजन गरिएको छ।

६८. त्रैमासिक रुपमा सार्वजनिक सुनुवाई गरी पारदर्शी सेवा प्रवाहलाई प्रवर्द्धन गरिनेछ। मुख्य बस्तीहरुमा नगर सूचनापाटीको स्थापना र स्थानीय रेडियो, पत्रपत्रिका वा अन्यसँगको साझेदारी मार्फत नगरका सम्पूर्ण सूचना एवं सन्देशहरु नागरिक समक्ष पुऱ्याउन रु. २ लाख विनियोजन गरेको छु।

६९. योजनाको गुणस्तर सुनिश्चित गर्न योजनाको निरन्तर र संघन अनुगमनलाई जोड दिइनेछ ।उपभोक्ता समितिबाट हुने योजनाको समेत गुणस्तर परीक्षण गरिने व्यवस्था मिलाइएको छ।

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि वजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७०. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न ५५ करोड ३४ लाख ५० हजार रकम विनियोजन गरिएको छ। कूल विनियोजन मध्ये चालु तर्फ ४० करोड १६ लाख ५० हजार अर्थात ७२.५७ प्रतिशत र पूँजीगत तर्फ १५ करोड १८ लाख अर्थात २७.४३ प्रतिशत रहेको छ।

७१. आगामी आ.व. का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये राजश्वबाट १ करोड ३० लाख, संघीय सरकारको अनुदानबाट ४२ करोड ६१ लाख, प्रदेश सरकारको अनुदानबाट ३ करोड ९ लाख, राजश्व बाँडफाँडबाट ७ करोड २७ लाख जुटाइनेछ। आन्तरीक आय र अन्तर सरकारी वित्त हस्तान्तरणको रकम परिचालन गर्दा नपुग हुने खुद १ करोड ७ लाख गत वर्षको जिम्मेवारी सारिने रकमबाट श्रोतको व्यवस्था गरिनेछ।

७२. नगर प्रमुखज्यूबाट पेश भएको नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि मैले पेश गरेको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने आर्थिक विधेयक, विनियोजन विधेयक यसै सभामा पेश गरेको छु। वजेट तथा कार्यक्रमलाई नतिजामुखि बनाउन नियमित समिक्षा हुने व्यवस्था मिलाइएको छ। गत आ.व २०७९/८० को हाल सम्मको प्रगति प्रतिवेदन यसै सभामा पेश गरिएको छ।

७३. नागरिकहरुको विकासको चाहना पुरा गर्न, वित्तिय अनुशासन कायम गर्न, बजेट कार्यान्वयनमा संलग्न व्यक्ति एवं संस्थालाई वजेट कार्यान्वयन प्रति उत्तरदायी बनाउन चालु आ.व. मा कार्य सम्पादन नभई बाँकी रहेका सबै योजनाका बजेटहरु फ्रिज हुने व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

अब म राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**राजश्व प्रणाली तथा कर प्रशासन**

नागरिकको विकास प्रतिको उच्च मागलाई सम्बोधन गर्न आवश्यक स्रोत जुटाउन र सबैलाई विकास अभियानको हिस्सेदार बनाउन प्रगतिशिल कर प्रणाली मार्फत आन्तरीक स्रोत अभिवृद्धि गर्न हाम्रो कर हाम्रै विकास र समृद्धिका लागि भन्ने अभियान सन्चालन गरिने छ । कराधार तथा कर प्रशासन सुधार सम्बन्धी नीति तथा कार्यक्रम देहाय अनुसार प्रस्तुत गरेको छु ।

७४. मालपोत एवं भूमिकर (सम्पत्ति कर) लाई भूमिको उपयोगिता, पूर्वाधार विकासको अवस्था, भौगोलिक विकटता समेतको आधारमा न्यायोचित एवं नागरिकमैत्री बनाउन विस्तृत वर्गीकरणमा जोड दिइ करको दर निर्धारण गरिएको छ।

७५. व्यवसायकरलाई व्यवसायको पूँजी, लगानी, आय, उत्पादन र वातावरणमा पार्ने प्रभाव समेतको आधारमा प्रगतिशिल कर नीति अपनाउन दरलाई घटाउने र दायरालाई विस्तार गरिनेछ। सबै प्रकारका पेशा, व्यापार, व्यवसाय र उद्योगलाई करको दायरामा ल्याइनेछ। कर संकलन र कर परिपालनालाई अभिवृद्धि गर्न सेवा प्रवाहलाई कर चुक्तासँग आवद्ध गरिनेछ। नगरपालिकाले लिने सबै प्रकारका सेवा नगरपालिकामा सूचिकृत फर्म तथा व्यवसायबाट लिन प्राथमिकता दिइनेछ। करहरु वडा कार्यालय मार्फत संकलन हुने व्यवस्था मिलाइनेछ।

७६. निर्माणमुखी पदार्थको उत्खनन र विक्रि वितरणलाई व्यवस्थित गर्न राजश्व संकलन ठेक्का प्रक्रियाबाट हुने व्यवस्था मिलाइनेछ। निर्माणमुखी पदार्थको संकलन एवं विक्रि वितरण गर्ने व्यवस्थालाई अनिवार्य रुपमा दर्ता हुने र वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेको क्षेत्र र परिमाणमा उत्खनन् हुने व्यवस्था मिलाएको छु। नदीजन्य पदार्थको संकलन र उत्खनन् लाई विधिसम्मत र वास्तविक बनाउन अनुगमन र निरीक्षणलाई कडाई गरिनेछ।

७७. सबै उद्यमी व्यवसायीलाई नागरिकप्रति उत्तरदायी र जवाफदेही बनाउन उनीहरुकै सहभागितामा व्यापारिक स्वच्छता र व्यावसायिक अनुशासन पालनामा जोड दिइनेछ।

७८. सम्बत २०७४ असार मसान्त अघि घर नक्शा स्वीकृती नलिई बनेका घरहरु घर नक्शा अभिलेखिकरण र घर कायमका लागि सम्बत २०८० असोज मसान्तसम्म निवेदन गरेमा घर नक्शा पास शुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु । सम्बत २०७४ श्रावण मसान्त पछि घर नक्शा स्वीकृती नलिई बनेका घरहरु घर नक्शा अभिलेखिकरण र घर कायमका लागि सम्बत २०८० असोज मसान्तसम्म निवेदन गरेमा घर नक्शा पास शुल्कमा १० प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु । सो अवधिभित्र नगरेमा थप १० प्रतिशत जरीवाना गरिने छ।

७९. प्रत्येक आर्थिक वर्षमा बुझाउन पर्ने एकिकृत सम्पत्ति कर सोही आ.व.को. असोज मसान्त भित्र बुझाएमा लाग्ने कर रकममा १० (दश) प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु ।

८०. प्रत्येक आर्थिक वर्षमा बुझाउन पर्ने व्यवसाय दर्ता, नविकरण र व्यवसाय कर सोही आ.व.को. असोज मसान्त भित्र बुझाएमा लाग्ने कर रकममा १० (दश) प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु ।

८१. महिलाको नाममा व्यवसाय दर्ता तथा नविकरण र व्यवसाय कर दाखिला गर्दा लाग्ने कुल राजश्वमा २५ प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु ।

८२. नगरपालिकाबाट संचालित डोजरको शुल्क प्रति घण्टा रु. २४००/- निर्धारण गरी नागरिकले माग गरेको समयमा सेवा दिने व्यवस्था मिलाइएको छ।

८३. रातो, निलो, पहेलो र सेतो कार्ड पाएका अपाङ्गता तथा अशक्तता भएका व्यक्तिहरुलाई सिफारिस फारम शुल्क, घर नक्शा पास, संस्था दर्ता, व्यवसाय दर्ता तथा नविकरण, व्यवसाय कर र सम्पति करमा क्रमशः १००, ७५, ५० र २५ प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र हित प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरिने सबै सामाजिक तथा सेवामूलक संघ संस्थाको दर्ता नविकरण निशुल्क गर्ने व्यवस्था मिलाएको छु।

८४. नगरपालिका भित्रका कुनै जग्गाधनिले विगत लामो समयदेखि सम्पत्ति कर दाखिला नगरेकोमा स्थानिय सरकार गठन भएपछिको हकमा नगर सभाले स्विकृत गरे बमोजिमको दररेट अनुसार सम्पति कर संकलन गर्ने, सो भन्दा अगाडिको प्रत्येक वर्षको प्रति रोपनी ५ रुपैयाँका दरले संकलन गर्ने गरी सम्पत्ति कर लिने व्यवस्था मिलाएको छु । २०७४ असार मसान्त भन्दा अघिल्ला ५ वर्षको कर एकमुष्ट लिने तथा सो भन्दा पछाडीको कर एकमुष्ट तिरेमा उक्त अवधि भन्दा अगाडीको कर छुट हुने व्यवस्था मिलाइएको छ।

८५. नागरिकको बिकासप्रतिको चाहना पुरा गर्न उल्लेखित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न संघीय इकाईहरु बीच स्रोत साधनमा साझेदारी, स्थानीय स्रोतको अधिकतम परिचालन, सार्वजनिक निजी साझेदारी, बैक बित्तीय संस्था, सहकारी, नगर बिकासकोष र गैर सरकारी संस्थासँगको साझेदारी गरिनेछ।

अन्त्यमा, यस गरिमामय समारोहमा पेश गरिएको बजेट तथा कार्यक्रममा सुझाव, पृष्ठपोषण दिनुहुने आदरणीय नगर प्रमुखज्यू, राजनीतिक दल, पुर्व जनप्रतिनिधिज्यूहरु, पेशाविद, उद्योगी तथा व्यवसायी, बौद्धिक जगत, विकास साझेदार, करदाताहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु र सम्पूर्ण नगरवासीहरुलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।संघ तथा प्रदेश सरकार प्रति समेत हार्दिक आभार प्रकट गर्दछु।बजेट तथा कार्यक्रम तर्जुमामा प्रत्यक्ष रुपमा संलग्न हुनुहुने प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यूहरु, सम्पूर्ण सभासद्ज्यूहरु, विभिन्न विषगत शाखा प्रमुखहरु लगायत कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।साथै यो बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै राजनीतिक दल, पूर्व जनप्रतिनिधीहरु, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु र सबै नगरबासी आमा बुबा दाजुभाई, दिदीबहिनीहरुबाट सक्रिय सहभागिताको अपेक्षा समेत गरेको छु।

धन्यवाद!